सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुन्दरबजार लमजुङ गण्डकी प्रदेश नेपाल

आज मिति २०८० साल असार ०४ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा बसेको आ.व २०७९/८० को सत्रौं बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | सुक माया गु. |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | शिशिर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | ठाकुरजी तिवारी | उपसचिव | |
| २ | नरेन्द्रराज घिमिरे | लेखा अधिकृत | |
| ३ | विवेक कुमार पण्डित | प्रशासन अधिकृत | |
| ४ | सुलन मिश्र | सू. प्र. अ. | |

**नगर-कार्यपालिकाको मिति २०८०/०३/०४ गते बसेको आ.व २०७९/८० को सत्रौं बैठकका निर्णयहरु :**

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८०/०२/२५ गते बसेको आ.व २०७९/८० को सोह्रौं बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा ९ वटा निर्णयहरु भएकोमा निर्णयहरु कार्यान्वयनको क्रममा रहेको पाईयो ।

**निर्णय नं २**

आ.व २०८०/८१ को लागि प्रस्तावित वडा स्तरीय, नगर स्तरीय र विषयगत समितिको वार्षिक कार्यक्रम उपर छलफल गरियो । प्रस्तुत वजेट तथा कार्यक्रम अन्तर्गतको चालु खर्च रु १३ करोड ५१ लाख ५५ हजार पारित गरियो ।

**निर्णय नं ३**

यस नगरपालिकामा रहेका दुई मध्ये एक नगरबस विद्यालय आफैले सम्पूर्ण संचालन खर्च बेहोर्ने तथा नगरपालिकालाई कुनैपनि आर्थिक व्ययभार नपर्ने गरी सु.न.पा १० धुसेनीमा रहेको श्री सौभाग्य सदन मा.वि.का विद्यार्थी आवत जावतका लागि हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

आर सि डि सि को सहयोगमा निर्माण भएको विपद उत्थानशिल कार्यढाँचा र आपतकालिन कार्यसंचालन केन्द्र कार्यसंचालन विधि पारित गरियो ।

**निर्णय नं ५**

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार कुल २७०४३ जनसंख्या, ७८२९ घरघुरी रहेको यस नगरपालिकाको पूर्व राईनास नगरपालिका र दोर्दी गाँउपालिका , पश्चिम मध्यनेपाल नगरपालिका, उत्तर बेशिसहर नगरपालिका, दक्षिण भानु नगरपालिका, तनहुँ चारकिल्ला भित्र रहेको ७२ वर्ग कि.मी क्षेत्रफल मध्ये १५.७३ वर्ग कि.मी वन क्षेत्र बाहेकमा बस्ति विकास योजना संचालनको लागी नगर विकास समिति गठन गर्न शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

नगरपालिका क्षेत्र भित्र रहेका पशुहरुमा लागेको लम्पी स्किन रोग उपचारका लागि रु ३ लाख ३० हजार विविध चालु शीर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

सु.न.पा ६ स्थित पञ्चानब्बे मार्ग निर्माण उपभोक्ता समितिले ढीलो भएपनि कालोपत्रे गर्ने कार्य सम्पन्न गरेकोले प्राविधिक मूल्याङ्कन बमोजिम अन्तिम भुक्तानी दिने निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत